बालबालिकालाई दण्ड दिएर होइन बुझाएर सम्झाएर पढाऔं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना विभाग

बुद्ध दर्पण राष्ट्रिय दैनिक

The Buddha Darpan National Daily




वर्ष ५ अंक २०८ | ६ फागुन २०७६ मंगलबार | 18 February 2020 Tuesday | पृष्ठ : ४ | मूल्य : ५ रुपैयाँ

# अब सहर कुरूप हुँदैनन् : प्रधानमन्त्री



काठमाडौं, ५ फागुन

राजधानी काठमाडौंमा विद्युतीय तार भूमिगत बनाउने सरकारको महत्वाकाङ्क्षी परियोजना शुरु भएको छ। प्रधानमन्त्री केपी शर्मा ओलीले सोमबार महाराजगञ्जबाट उक्त परियोजनाको सुभारम्भ गर्नुभएको हो । पहिलो चरणमा काठमाडौंको महाराजगञ्ज र रत्नपार्क क्षेत्रमा तार भूमिगत गरिनेछ। त्यसलाई क्रमशः अन्यत्र विस्तार गर्दै लगिने सरकारले गृहकार्य गरेको छ। ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयको आयोजनमा नेपाल विद्युत् प्राधिकरणले अगाडि बढाएको भूमिगत बनाउने कार्यक्रमको शिलान्याशपछि आयोजित सभालाई सम्बोधन गर्दै प्रधानमन्त्री ओलीले नेपालमा विकासको नयाँ अध्याय शुरु भएको घोषणा गर्नुभयो।

ओलीले विद्युत्, टेलिफोन र इन्टरनेटका तार भूमिगत भएपछि सहरको सौन्दर्य बढ्ने उल्लेख गर्दै कुरुपताको अन्त्य हुने बताउनुभयो। ओलीले यससँगै आम नेपाली जनसमुदाय पनि लाभान्वित हुने बताउनुभयो । प्रधानमन्त्री ओलीले भन्नुभयो यो योजना सम्पन्न भएपछि गुजुल्टिएको तार हट्छन् । हाम्रा शहर कुरुप हुँदैनन, चिटिक्कको शहर बन्नेछन्। पोलभरि गुजुल्टिएको तार देख्ने दिन अन्त्यका लागि यो काम सरकारले अघि बढाएको छ ।" विद्युत्, टेलिफोनलगायत तार भूमिगत गर्ने काम काठमाडौंको महाराजगञ्जबाट शुरु भए पनि यसलाई देशका प्रमुख शहरमा विस्तार गरिने प्रधानमन्त्रीले बताउनुभयो।

सरकारले विकास निर्माणको कामलाई दुर्त रूपमा अगाडि बढाएकोमा केही मान्छेलाई भने पीर परेको प्रधानमन्त्रीले बताउनुभयो । उहाँले भन्नुभयो, "सरकारले धेरै राम्रा काम गरिरहे पनि समाचार भने मैले बाँसुरी बजाएको मात्र आउने गरेको गुनासो गर्नुभयो । सरकारले विकास र सुशासनको काम अघि बढाउँदा केही केहीलाई किन पीर परेको हो ?" उहाँले विकास सबैको साझा नारा र कर्तव्य भएको स्पष्ट पार्दै त्यसलाई मजाक नठान्नसमेत आग्रह गर्नुभयो । प्रधानमन्त्रीले देशभर नै तुइन विस्थापनको काम अगाडि बढेको भए पनि एकाध स्थानमा रहेको तुइन देखाएर सरकारको आलोचना गर्ने गरिएको भन्दै खेद व्यक्त गर्नुभयो।

कार्यक्रममा प्रधानमन्त्री ओलीले विगतमा नेपालबाट बौद्धिक पलायन (ब्रेन ड्रेन) हुने गरेकामा त्यसलाई रोकेर विदेशमा काम गरिरहेकालाई स्वदेश फर्काउने ( ब्रेन गेन ) अभियान पनि शुरु भएको बताउनुभयो।

कार्यक्रममा ओलीले दार्चुलामा मात्र दुईवटा तुइन बाँकी रहेको भन्दै त्यसैलाई देखाएर आलोचना गर्नुको कुनै अर्थ नहुने बताउनुभयो । प्रधानमन्त्री ओलीले वर्तमान सरकार गठन भए पछि दैनिक छ किलोमिटरको दरले सडक कालोपत्रभएको र दुई वर्षको अवधिमा करीब तीन हजार किलोमिटर सडक कालोपत्रे भइसकेको तथ्य सार्वजनिक गर्नुभयो।

सरकार आगामी दुई वर्षभित्र देशका सबै स्थानमा विद्युत् सेवा पुऱ्याउन सरकार लागिपरेको र सोही अवधिमा नेपालले विद्युत् निर्यातसमेत गर्ने दाबी गर्नुभयो । एक सय वर्षभन्दा बढीको अवधिमा नेपालको कूल विद्युत् उत्पादन ५०० मेगावाट मात्रै रहेकामा पछिल्ला वर्षमा ५०० मेगावाट थपिएको र केही समय भित्रै ठूलो मात्रामा विद्युत् उत्पादन हुने अवस्थाको सिर्जना भएको बताउनुभयो । ओलीले विद्युत् खपत पनि बढाउँदै लैजाने पनि उल्लेख गर्नुभयो। विद्युत् खपतको मात्रामा बढोत्तरी हुँदै गएको भन्दै प्रधानमन्त्रीले त्यसमा थप वृद्धि हुने विश्वास व्यक्त गर्नुभयो।

# १२ जिल्लामा शुलभ कर्जा हेल्प डेक्स

बुटवल, ५ फागुन

प्रदेश नम्बर ५ को भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय बुटवलले किसान र बैंकको वीचमा सरकारले उपलब्ध गराएको सुलभ कर्जा (कृषि) ऋणको विषयमा सहजीकरण गर्ने गरी १२ वटा जिल्लामा सहजीकरण हेल्प डेक्स राख्ने भएको छ। जस अनुसार किसानले गुनासो गर्दै आएको सुलभ दरको कृषि कर्जाको विषयमा किसानहरुलाई बैंकसम्म लैजाने, किसानहरुको विषयमा कर्जा सम्बन्धी जानकारी दिने गरी शुलभ कर्जा हेल्प डेक्स राख्ने निर्णय गरिएको हो।

भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय प्रदेश ५ का प्रवक्ता (उपसचिव) योजना तथा अनुगमन महाशाखा प्रमुख विनोद घिमिरेका अनुसार किसान र बैंकको वीचमा सहजीकरण गर्ने गरी ऋण सहजकर्ता समेत राखिने भएको छ। उहाँका अनुसार शुलभ कर्जा ऋण सहजकर्ताले किसानहरुबाट आउने गुनासाको विषयमा बैंक र किसानको विचमा सहजीकरण गर्ने छन्। किसानहरुले सरकारले दिएको अनुदान कर्जाको विषयमा बैंक मार्फत सहज रुपमा प्राप्त नगरेको भन्ने गुनासो पटक पटक आएपछि बैंक र किसानहरुको विचमा पुलको काम गर्ने गरी सहजकर्ता र हेल्प डेक्स (सहायता कक्ष) स्थापना गर्न लागिएको हो।

मन्त्री परिषद्बाट निर्णय भैसकेको सुलभ कर्जा सहजीकरण अनुदान कार्यक्रम सञ्चालन कार्यविधि २०७६ स्वीकृत मा उल्लेख भए अनुसार १२ वटा जिल्लामा स्थापना गर्नको लागि मन्त्रालयले मातहतको कार्यलयलाई पत्राचार समेत गरिसकेको छ।

ब्याज अनुदान रु एक लाखदेखि रु १० लाखसम्मको एक वर्ष अवधिका लागि १० प्रतिशत, दुई वर्षको आठ प्रतिशत र तीन वर्षभन्दा बढी अवधिका लागि पाँच प्रतिशत उपलब्ध गराइने कार्यविधिमा व्यवस्था गरिएको भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय प्रदेश ५ का प्रवक्ता विनोद घिमिरेले जानकारी दिनुभयो।

उहाँका अनुसार यस्तै रु १० लाखदेखि रु ३० लाखसम्मका क्रमशः एक वर्ष अवधिका लागि ८, २ वर्षको ६ प्रतिशत र ३ वर्षभन्दा बढी अवधिका ५ प्रतिशत ब्याज अनुदान दिइनेछ । यस्तै१ करोडसम्मका लागि छ देखि पाँच प्रतिशत ब्याज अनुदान व्यवस्था गरिएको छ ।स्वीकृत कार्यविधिमा तोकिएको ब्याज अनुदान बैंक तथा वित्तीय संस्थाको अधिकतम ब्याजदरभन्दा बढी नहुने र नेपाल सरकारको ब्याज अनुदान कार्यक्रमअन्तर्गत नेपाल राष्ट्र बैंकबाट अनुदान पाउने किसानका हकमा फरक रकम मात्र भुक्तानी हुने व्यवस्था गरिएको छ।




# आफन्तबाटै असुरक्षित बालिका

रुपन्देही, ५ फागुन

गत पुसको १५ गते रुपन्देहीको देवदहमा बाबुले छोरीलाई बलात्कार गरे । श्रीमती दिदीको घर गएको मौका छोपी रातिको समयमा ३७ वर्षीय बाबुले १४ वर्षीया नाबालिकामाथि बलात्कार गरेका हुन् । पीडकलाई प्रहरीले पक्राउ गरी जबर्जस्तीकरणीको मुद्दा चलाएको छ । गत पुस ६ गते तिलोत्तमा नगरपालिकामा छिमेकी एक युवकले सात वर्षीय नाबालकमाथि बलात्कार गरे।

घरमा कोही नभएको मौका छोपेर बालिकाका छिमेकी १८ वर्षीय बिमल क्षेत्रीले बालिकालाई फकाईफुल्याई शौचालयमा लगेर जबर्जस्ती करणी गरे । बालिकाको योनीबाट रगत बगेपछि परिवारले थाहा पाएर इलाका प्रहरी कार्यालय बुटवलमा उजुरी गरे । उनलाई पनि अहिले जबर्जस्ती करणीको मुद्दा चलाइएको इलाका प्रहरी कार्यालयले जानकारी दिएको छ। तिलोत्तमामै गत मङ्सिर २३ गते बाबुले आठ वर्षीय छोरीलाई बलात्कार गरेको घटना सार्वजनिक भयो। बलात्कार गर्ने बाबु अहिले जिल्ला प्रहरी कार्यालयमा अपराधको सजाय भोगिरहेको इलाका प्रहरी कार्यालय बुटवलका प्रहरी निरीक्षक नवीन चुँदालीले जानकारी

(बाँकी 3 पेजमा >>>

जनहितका लागि जारी सन्देश

- पशु चौपायाहरु सडकमा जथाभावी नछोडौं ।
- राजमार्ग क्षेत्रमा बिस्कुन, पराल जस्ता बस्तुहरु नसुकाउनुहोस् ।

अनुरोधक :-
डिभिजन सडक कार्यालय
शिवपुर, कपिलवस्तु



## सम्पादकीय

### हार्दिक आभार सरकार

'कोरोना भाइरसको इपिसेन्टर चीनको वुहानमा रहेका नेपालीलाई उद्दार गरी ल्याउने कार्यमा संलग्न नेपाल सरकार, सम्बन्धित सवै निकाय र व्यक्तिहरुलाई धन्यवाद ! ती नेपालीको स्वास्थ्य, सुरक्षा, हेरचाह लगायत आवश्यक सम्पूर्ण व्यवस्थापनमा सरकारको प्रयासमा सवैको सहयोग आवश्यक छ । हामी सरकारको साथमा छौं ।' नेपाली कांग्रेसका केन्द्रीय नेता गगन थापाको ट्वीट हो यो । विपक्षी दलका नेताबाट समेत यस्तो साथ र प्रशंसा पाउने काम गरेको सरकारलाई चीनबाट ल्याइएका नेपाली, उनीहरुका अभिभावक सहित अरुहरुले पनि धन्यवाद दिएका छन् । राम्रो काम गरेकोमा धन्यवाद दिन कञ्जुस्याई गर्न पर्दैन कसैले । हामीले पनि धन्यादसहित आभार प्रकट गरेका हौं त्यसैले ।

चीनको वुहानमा रहेका नेपालीलाई त्यहाँबाट नेपाल ल्याउने विषयमा अलि गम्भीर थियो सरकार । तुरुन्तै ल्याउँ, सुरक्षित रुपमा राख्ने र उपचार गर्ने ठाउँ छैन । नल्याउँ दुनियाले गैरजिम्मेवार सरकार भनेको भन्यै छ । अरु देशका सरकारले आफ्ना नागरिक लगिसक्दा पनि नेपालले नल्याउनु वा ल्याउन नसक्नु लज्जाको विषय पनि भएको थियो । वुहानमा रहेका नेपालीका अभिभावकले समेत धर्ना दिन थाले यता । सडकदेखि सदनसम्म विरोध गरेर बदनाम गर्न बाँकी राखेनन् । विरोध र बदनामीबाट बँच्नकै लागि भए पनि जे गर्‍यो सरकारले, स्तुत्य छ त्यो । त्यस्तो राम्रो काम गर्दा पनि केही छुद्र नेताहरुले विरोध गर्न र आफ्नो जिल्लामा राख्न पाइदैन भन्न बाँकी राखेनन् । त्यसको प्रतिवाद गर्दै प्रधानमन्त्रीले दिएको जवाफ पनि प्रशंसित भएको छ जतातताैबाट । यस अघि पनि जुन जुन काम राम्रा भए, गरिए, धन्यवाद भनिए । जुन काम माफिया, विचौलिया र ठेकेदारका हीतानुकूल भए, गरिए, त्यसको विरोध भयो । त्यस्तो विरोधप्रति आक्रोश पोख्नु र कामै गर्न दिएनन् भन्नु जायज थिएन ।

आलोचनाभित्र लुकेको सत्य र प्रशंसाभित्र लुकेको झुट/असत्य/स्वार्थ बुझ्न नसकेर वा नचाहेरै आउने हुन् धेरै समस्या राजनीतिक सत्तामा । आक्रोश त आवेगको अभिव्यक्ति हो । संयम, सौम्य र शालीन हुन्छ विवेक । विवेक र आवेगको व्यवस्थापन गर्न नजान्दा विवाद बढ्ने गरेको हो । होला, राजनीतिमा विपक्षीले आफ्नो बाटो सोझो पार्न सरकारको विरोध गर्न परेको पनि । आफु विपक्षमा रहँदा गरिन्थ्यो त्यस्तो विरोध र भोलि सरकारबाट बाहिरिएपछि पनि गरिन्छ भन्ने विर्सन भएन । आलोचनाभित्रको नियत आलोचकले प्रयोग गरेका शब्द र वाक्यले पुष्टि गर्छन् आफै । अनि प्रशंसाभित्रको स्वार्थ सम्बन्धित व्यक्तिको कारोवार, जीवनशैली, आवद्धता आदिले पनि बताउछन् आफै । आलोचनाले विगार्दैन, सुधार्छ र प्रशंसाले पुर्नेहरुले सधै भलो गरेका पनि हुँदैनन् ।

सरकारका काम जति पारदर्शी हुन्छन्, मन्त्रीहरु जति उदार बन्छन्, जीवनशैली जति सादा हुन्छ, सेवामा खटेको जब दुनियाले देख्छ, तब उति कम आउँछन् आलोचना पनि । जहाँनेर बदनियत हुन्छ, त्यसैलाई लुकाइन्छ । गोप्य राख्नु पर्ने र सूचना दिन नमिल्ने विषयका बारेमा सोध-खोज गर्दैनन् कसैले । वुहानबाट नेपाली ल्याउने मामलामा सरकारले गरेको काम पारदर्शी भएकैले धन्यवाद दिएका हुन् सवैले ।

# पर्यटक बरु थोरै आऊन, खर्च धेरै गरुन

## थोरै खर्च गर्ने धेरै पर्यटकबाट भन्दा धेरै खर्च गर्ने थोरै पर्यटकबाट देशले अधिक लाभ लिन सक्छ

**उषा थपलिया**

नेपाल भ्रमण वर्ष-२०२० को भव्य उद्घाटनको होहल्ला सेलाउन नपाउँदै एक पर्यटनकर्मीले दुखेसो पोखे, 'अरू त कुरै छोडौं, युनेस्को विश्वसम्पदा सूचीभित्रका हाम्रा शौचालयको अवस्थाले नै यति निराश बनाउँछ।' पर्यटनलाई अर्थतन्त्रको एक प्रमुख आधार बनाउने लक्ष्यसहित सरकारले गत जनवरी १ मा भ्रमण वर्ष-२०२० अभियान शुभारम्भ गर्‍यो।

अभियानका दौरान यो वर्ष २० लाख पर्यटक नेपाल भित्र्याउने संकल्प मात्र हैन, २०२० देखि २०३० लाई पर्यटन दशकका रूपमा मनाउने अनि १५ औं पञ्चवर्षीय योजनाको अन्त्यसम्म देशको अर्थतन्त्रमा १० प्रतिशत अझ भ्रमण वर्ष सुरु भएको पहिलो र दोस्रो महिनाको तथ्यांक विश्लेषण गर्दा स्थिति प्रतिकूल बनेको देखिन्छ। अध्यागमन विभाग अनुसार, २०१९ को जनवरीको तुलनामा २०२० को जनवरीमा नेपाल आउने पर्यटकको संख्या झन्डै २५ हजारले घटेको छ। फेब्रुअरीमा बाह्य तथा आन्तरिक कारणले यो संख्या अझ घटेको अनुमान विभागको छ।

देशमा पर्यटकको संख्या घोषणा गरिए बमोजिम भित्र्याउनु एउटा पक्ष हो भने उनीहरूको बसाइ अवधि लम्ब्याएर खर्च प्रवृत्ति बढाउनु त्योभन्दा महत्त्वपूर्ण पक्ष हो। थोरै खर्च गर्ने धेरै पर्यटकबाट भन्दा धेरै खर्च गर्ने थोरै पर्यटकबाट देशले अधिक लाभ लिन सक्छ। अहिले विदेशी निकुञ्ज तथा संरक्षित क्षेत्र वन्यजन्तु र जैविक विविधताले भरिपूर्ण छन। नेपाल आउनेमध्ये ६० प्रतिशत पर्यटक यिनै क्षेत्रमा आकर्षित भएको सरकारी तथ्यांकले बताउँछ। त्यसैले यो क्षेत्रको बढावा पनि प्राथमिकतामा पर्नुपर्छ।

प्रविधि र सहरीकरणभन्दा पुरातात्त्विक र धार्मिक महत्त्वका संरचनाको अवलोकनका लागि धेरै विदेशीले नेपाललाई गन्तव्य बनाउने गर्छन्। तर यी चीज क्रमशः मासिँदै गएका छन्। केहीअघि कान्तिपुर दैनिकमै प्रकाशित एउटा रिपोर्टले उपत्यकाका तीन सहरमा रहेका ११८ पोखरीमध्ये २५ पोखरीमा भवन बनेको, १६ पोखरी मैदानमा परिणत भएको र ९ पोखरी सुक्खा बनेको स्थिति उजागर गर्‍यो। विडम्बना, प्राचीनकालदेखिका ती पोखरी



योगदान पर्यटन क्षेत्रबाट गराउने अपेक्षा सरकारको छ। जबकि हाल पर्यटनबाट देशको कुल गार्हस्थ्य उत्पादनमा ३ देखि ४ प्रतिशत हाराहारीको योगदान मात्र भइरहेको छ। विदेशी पर्यटकका लागि भ्रमण खुल्ला गरिएको ६९ वर्ष पुगेको छ र योसहित तीनवटा भ्रमण वर्ष मनाइएको छ।

सन् १९९८ लाई नेपाल भ्रमण वर्ष घोषणा गरेर ५ लाख पर्यटक भित्र्याउने लक्ष्य राखियो। लक्षित संख्याका सबै पर्यटक नेपाल आएनन्, तर नेपालमा पर्यटन विकासका लागि सरकारी निकाय, निजी क्षेत्र र जनस्तरबीच संयुक्त प्रयासको थालनी गराउन उक्त कार्यक्रमले राम्रै भूमिका खेल्यो। त्यसपछि १० लाख पर्यटकलाई स्वागत गर्ने लक्ष्यसहित नेपाल भ्रमण वर्ष-२०११ आयोजना गरियो। नेपाल आउने पर्यटकको संख्या त्यो वर्ष ८ लाखमै सीमित रह्यो तर माओवादी सशस्त्र द्वन्द्वका कारण विदेशीहरूमाझ कायम नेपालबारेको नकारात्मक छाप हटाउन सफल हुनु त्यो वर्षको उपलब्धि थियो। त्यसयता विदेशीहरूको नेपाल आगमन क्रमशः बढिरहेको छ। सन् २०१८ मा ११ लाख ७३ हजार पर्यटक नेपाल आएको आँकडाले देखाउँछ। सन् २०१७ का तुलनामा यो संख्या २४ प्रतिशतले बढी थियो। सन् २०१९ मा ११ लाख ९७ हजार १ सय ९१ विदेशी नेपाल आएको अध्यागमन विभागले केहीअघि सार्वजनिक गर्‍यो। गत वर्षदेखि नै भ्रमण वर्षको प्रवर्धनात्मक कार्यक्रम सुरु गरिएका थिए। त्यसको प्रचारप्रसारका लागि सरकार मात्र हैन, निजी क्षेत्र, नागरिक तह तथा गैरआवासीय नेपालीहरूसमेत सक्रिय रहँदै आएका थिए। यी सबै हुँदा पनि गत वर्षका तुलनामा करिब २ प्रतिशत बढी मात्रै पर्यटक नेपाल भित्रिनुलाई ठूलो उपलब्धि मान्न सकिन्न। पर्यटकले नेपालमा प्रतिदिन सरदर ५० अमेरिकी डलर खर्च गर्ने गरेको बताइन्छ। तसर्थ उनीहरूको खर्च प्रवृत्ति बढाउने वातावरण तय गरिनु धेरै पर्यटक भित्र्याउनुभन्दा बढी अपरिहार्य देखिन्छ। पर्यटन दशककै आसपासमा रहेर प्रत्येक विदेशीले गर्ने खर्च दैनिक ८० डलर पुर्याउने र वार्षिक ३५ लाख पर्यटक भित्र्याउने आकांक्षा सरकारले नराखेको हैन। तर त्यसलाई सम्भव बनाउने योजना अघि सार्न सकेको छैन। यसका लागि विदेशी पर्यटकलाई आकर्षित गर्ने र धेरै दिन व्यतित गर्ने प्याकेजहरूको आवश्यकता पर्छ। देशभित्र जे-जस्ता प्राकृतिक, जैविक, सांस्कृतिक, भौगोलिक, धार्मिक, पुरातात्त्विक विविधता छन्, ती सबैको स्वाद लिन सक्ने अवस्था बनाउनुपर्छ। यसका लागि पर्यटन सम्बद्ध हरेक निकाय, निजी क्षेत्र, तीनै सरकारबीचको समन्वयमा योजनाहरू बन्नुपर्छ। विगतदेखि चिनिएको पदयात्रा र पर्वतारोहणका लागि मात्र हैन, धार्मिक र सांस्कृतिक पर्यटकहरूलाई पनि आकर्षित गर्नैपर्ने देखिन्छ।

केही उदाहरणीय काम भएका छन्। धार्मिक तीर्थस्थलका रूपमा चिनिएको लुम्बिनीमा अन्तर्राष्ट्रिय त्रिपिटक पाठ र भद्रचर्या उत्सव भयो। लुम्बिनी विकास कोषले ती गतिविधिमा पर्यटकलाई सहभागी हुने वातावरण बनाउँदा बसाइ लम्बिनुका साथ उनीहरूले गर्ने खर्चमा समेत बढोत्तरी भयो। कतिपय प्रादेशिक सरकारले सामुदायिक होमस्टे सञ्चालनका लागि सरकारी अनुदानको व्यवस्था गरेका छन्। होमस्टेले विदेशीहरूलाई स्थानीय रहनसहन र चालचलन मात्र सिकाउँदैन, स्थानीय उत्पादनलाई पनि बढावा दिन्छ, स्थानीय तहमा रोजगारीको अवसर सिर्जना गराउँछ। यस्ता काम सबैतिर हुनु जरुरी छ। नेपालका संरक्षण गर्नुपर्ने दायित्व भएका स्थानीय निकायले नै त्यहाँ भवन ठड्याउने नकाम गरे। त्यस्तै, भूकम्पले भत्किएका धार्मिक संरचनाहरू बनिसकेका छैनन्। अधिकांश विदेशीको पहिलो रोजाइमा पर्ने काठमाडौं, ललितपुर तथा भक्तपुरस्थित विश्वसम्पदा सूचीका संरचनाहरूको समेत निर्माण अधुरै छ। सडक बनाउने नाममा हरियाली सखाप पारिएको छ। धूलो, धूवाँ र प्रदूषणले जो कोहीलाई हायलकायल पार्ने गर्छ। आचारसंहिताको रत्तिभर ख्याल नगर्ने सवारी साधनबाट पनि विदेशी पर्यटक उत्तिकै असरमा पर्ने गरेका छन। सरदर उचाइका नेपालीकै टाउको ठोकिने कतिपय बसभित्र कोचाकोच गरेर उभिई सास्तीपूर्ण यात्रागर्ने विदेशीहरूले नेपालबारे के सन्देश लैजालान् ? स्वतन्त्र घुमफिरमा रम्ने विदेशीहरू सामान विक्रेताहरूद्वारा सताइएको जहींतहीं देखिन्छ। यस्ता व्यवहार रोक्न स्थानीय तह आवश्यक ठान्दैन।पर्याप्त सार्वजनिक शौचालयको व्यवस्था नहुनु अर्को ठूलो समस्या हो भने भएका शौचालय फोहोर र दुर्गन्धको निकृष्ट नमुना बनेका छन। हरेक सार्वजनिक शौचालयले शुल्क लिने गर्छन् तर शौचालयको हालत त्यस्तो राख्दासमेत सरोकारवाला निकायको टाउको दुखेको पाइँदैन।यस्तो दुरवस्थाबीच चीनबाट फैलिरहेको कोरोना भाइरसले सबैलाई तर्साइरहेको छ। यसबाट भ्रमण वर्ष झन् प्रभावित हुने सम्भावना छ। समयक्रममा आइलाग्ने यी र यस्ता नियन्त्रण बाहिरका कारणले जुनसुकै कार्यक्रम प्रभावित भए पनि त्यो राष्ट्रिय लज्जाको विषय बन्दैन। सरम त तब हुन्छ, जब राज्यले अति आधारभूत पक्षलाई समेत व्यवस्थित नगर्दा विदेशी पर्यटकहरूले पाइलापाइलामा सास्ती खेप्नुपर्ने परिरहेको छ। (इकान्तिपुरबाट)

**शितगंगा नगरपालिका नगरकार्यपालिकाको कार्यालय द्वारा जनहितमा जारी सन्देश**

**जन्म ,मृत्यु,विवाह,बसाईसराई जस्ता घटना घटेको ३५ दिनभित्र**
सम्बन्धित वडा कार्यलय / नगरपालिकामा दर्ता गराऔ
- घरजग्गा कर, व्यापार कर समयमै बुझाऔ,
- सडकमा छाडा चौपाया नछाडौ,
- नगर, टोल, बजार सफा राखौ
- सभ्य नागरिकको परिचय दिउ
- सवारी चलाउदा हरेक मोड हरुमा हर्नको प्रयोग गरौ

**शुद्धोधन गाउँपालिका गाउँकार्यपालिकाको कार्यालयद्वारा लवनीको सूचना**
- सामाजिक घटना समयमै दर्ता गरौ
- घरजग्गा कर, व्यापार कर समयमै बुझाऔ,
- सडकमा छाडा चौपाया नछाडौ,
- नगर, टोल, बजार सफा राखौ
- सभ्य नागरिकको परिचय दिउ
- शौचालय निर्माण गरौ,

**मायादेवी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालयद्वारा जनहितमा जारी सन्देश**

**जन्म ,मृत्यु,विवाह,बसाईसराई जस्ता घटना घटेको ३५ दिनभित्र**
सम्बन्धित वडा कार्यलय / गाउँपालिकामा दर्ता गराऔ
- घरजग्गा कर, व्यापार कर समयमै बुझाऔ,
- सडकमा छाडा चौपाया नछाडौ,
- नगर, टोल, बजार सफा राखौ
- सभ्य नागरिकको परिचय दिउ
- शौचालय निर्माण गरौ,

**विजयनगर गाउँपालिका गाउँकार्यपालिकाको कार्यालयद्वारा सूचना**
- सामाजिक घटना समयमै दर्ता गरौ
- घरजग्गा कर, व्यापार कर समयमै बुझाऔ,
- सडकमा छाडा चौपाया नछाडौ,
- नगर, टोल, बजार सफा राखौ
- सभ्य नागरिकको परिचय दिउ
- शौचालय निर्माण गरौ,

# २ धाममा एकैसाथ महाज्ञान प्रवाह

कपिलवस्तु ५ फागुन

कपिलवस्तुका ४ धाम मध्ये २ धाममा एकैसाथ आध्यात्मिक महाज्ञान प्रवाह जारी रहेकोछ । वाणगंगा नगरपालिका वडा न.८ को शान्ताकुञ्ज मधुवनधाममा श्रीमद्भागवत ज्ञान महायज्ञ तथा पूजा परायणको सोमवार तेस्रोदिन करिब १ हजार भक्तजनहरुले प्रवचन श्रवण गरेकाछन । धामको पावन भुमिमा वैदिक संस्कृतिको महत्वलाई थप प्रर्वद्धन गर्नका लागि आयोजना गरिएको महायज्ञमा दान गर्नेहरुको संख्यमा पनि बढ्दै गएको छ ।

शान्ताकुञ्ज मधुवनधामको ऐतिहासिक धार्मिक तथा पुरातात्विक महत्वलाई प्रचार प्रसार एवंम पर्यटन प्रर्वद्धन गर्दै धामको विकासमा सहयोग पुर्याउने उदेश्यका साथ सात दिने महायज्ञ लागेको आयोजकले जनाएको छ । महायज्ञमा प्रमुख वाचक शान्त श्री निवास आचार्य रहनुभएको धामका अध्यक्ष चुरामणि अर्यालले वताउनु भयो । महायज्ञमा बिहान ९ बजे देखि ४ बजे सम्म प्रवचन र साझ ७ बजे देखि ९ बजे सम्म भजन कृतन,दैनिक योग अभ्यास लगाएतका कार्यक्रमहरु हुने गरेकाछन् । महायज्ञका लागि बोडगाँउ चोक देखि धाम सम्मका लागि निःशुल्क यातायातको व्यवस्था गरिएको आयोजकले जनाएको छ ।

यसैबिच बाणगंगा नगरको रामदत्तिवन जलेश्वर धाममा सञ्चालन हुदै आएको महायज्ञमा पनि दैनिक भक्तजनहरुको संख्या बढ्दै गएको छ । फाल्गुण १ गतेदेखी ९ गतेसम्म चल्ने महायज्ञमा प्रमुख बाचकको रुपमा ऋषिकेश पोखेल रहनुभएको छ । महायज्ञमा मुल पारायण बिहान ७ बजे देखी ११ बजेसम्म र कक्षा बाचन दिउसो १२ बजेदेखी साढे ४ बजेसम्म चल्दै आएको छ । गौशाला निर्माणार्थ महायज्ञ सञ्चालन भएको मूल आयोजक समितिका अध्यक्ष लाल बहादुर खड्का (राजु)ले बताउनुभएको छ ।

# ७५ फिट उचाइ भएको हनुमान मूर्ति

बाँके, ५ फागुन

बाँकेको कोहलपुर नगरपालिका-३ मदन चोकस्थित शङ्कर मन्दिर परिसरमा हनुमानको पूर्णकदको मूर्ति निर्माण भइरहेको छ ।

मदन चोकका स्थानीय समाजसेवी द्रोणप्रसाद जैसीको व्यक्तिगत लगानीमा मूर्ति निर्माण भइरहेको हो । दुई वर्षअघि निर्माण शुरु गरिएको मूर्तिको करीब ८५ प्रतिशत काम सम्पन्न भइसकेको जनाइएको छ । शङ्कर भगवान मन्दिर व्यवस्थापन समितिका अध्यक्षसमेत रहनुभएका जैसीले आफ्ना स्व मातापिताको सम्झनामा मन्दिर परिसरमा हनुमानको पूर्णकदको मूर्ति निर्माण गरिरहेको बताउनुभयो । उहाँका अनुसार मदन चोकको शङ्कर मन्दिरको परिसरमा निर्माण भइरहेको हनुमानको मूर्ति नेपालकै सबैभन्दा ठूलो हो । यसको उचाइ ७५ फिट छ ।

धार्मिक क्षेत्रका रूपमा रहेको यस क्षेत्रलाई पर्यटकीय गन्तव्यका रूपमा विकास गर्ने र आन्तरिक तथा बाह्य पर्यटक भित्र्याउने उद्देश्यले पनि निर्माण गरिएको उहाँको भनाइ छ । मूर्ति निर्माण गर्दा रु १७ लाख लाग्ने अनुमान गरिएको भए पनि हालसम्म रु १९ लाख खर्च भइसकेको छ । अब बाँकी कामका लागि रु २३ लाख लागत लाग्ने उहाँको भनाइ छ । "मूर्ति निर्माणका लागि हालसम्मको सम्पूर्ण खर्च मैले व्यहोरेको छु," उहाँले भन्नुभयो, "व्यक्तिगत लगानीमा बनाउने भएकाले बाँकी काम सम्पन्न गर्नका लागि मैले नै लगानी गर्छु ।" मूर्ति निर्माण भइसकेपछि यहाँको पर्यटन क्षेत्रमा सघाउ पुग्ने जैसीको विश्वास छ । उहाँले भन्नुभयो, "जीवनभर जति सम्पत्ति कमाए पनि कम हुन्छ, आखिर मरेर के नै लैजानु छ र !"जिन्दगीभर कमाएको सम्पत्ति धार्मिक क्षेत्रमा लगानी गरेमा पुण्य होला भनेर लगानी गरेको उहाँले बताउनुभयो । "सामाजिक स्वार्थबाहेक अन्य कुनै पनि किसिमको स्वार्थ छैन," जैसीले भन्नुभयो । उक्त मूर्ति निर्माणका लागि ठूलो परिमाणमा नरिवलको डोरी, सिमेन्ट, बालुवा, ढुङ्गा, माटो र ईंटाको प्रयोग भएको छ । मूर्तिको बाहिरी आवरण कलात्मक हुनेछ । केही महिनामा सम्पूर्ण निर्माण कार्य सम्पन्न हुने भए पनि मूल सडकबाट मूर्तिस्थलसम्म पुग्नका लागि भौतिक पूर्वाधार अभाव रहेको उहाँले बताउनुभयो । करीब २० मिटरको कच्ची बाटो भएकाले लैजान समस्या हुने भन्दै सडक कालोपत्र गर्नका लागि वडा कार्यालयसँग समन्वय भइरहेको जैसीले जानकारी दिनुभयो । तीन कट्ठा १३ धुर क्षेत्रफलमा फैलिएको शङ्कर भगवान मन्दिर पनि जैसीकै सक्रियतामा निर्माण भएको थियो । मन्दिरका नाममा रहेको उक्त जग्गा नन्दलाल कौशल र स्व हीरालाल कौशलले निःशुल्क प्रदान गर्नुभएको थियो । (रासस)

## आफन्तबाटै..

दिनुभयो । गत पुस १९ गते बुटवलको वडा नं ११ मा १४ वर्षीया बालिका बलात्कृत भइन् । स्थानीय २१ वर्षीय विवेक थापाले तीनाउ नदी किनारमा लगेर बालिकालाई बलात्कार गरे । थापाविरुद्ध परिवारले उजुरी दिएपछि उनलाई पनि प्रहरीले मुद्दा चलाएको छ । दश वर्षमुनिका बालबालिकालाई बलात्कार भए १० देखि १५ वर्षसम्मको कैद सजाय हुने कानूनी व्यवस्था छ ।

पछिल्लो समय बलात्कारका घटना बढेका प्रहरी तथ्याङ्कले देखाउँछ । तीमध्ये अधिकांश घटनाहरू आफन्तबाटै हुने गरेका छन् । दुईदेखि ७० वर्षसम्मका वृद्धमाथि बलात्कारका घटना भएका कारण समाजमा किशोरी र महिला असुरक्षित छन् भन्ने देखाउँछ । जिल्ला प्रहरी कार्यालयका अनुसार आर्थिक वर्ष २०७६/७७ मा ३५ बलात्कारका मुद्दा दर्ता भएका छन् जसमध्ये १८ वर्षमुनिका बालिकामाथि बलात्कारका कारण १६ मुद्दा दर्ता छन् ।

गत आव ०७५/७६ मा ७० वटा बलात्कारका मुद्दा दर्ता भएका छन् । तीमध्ये १९ मुद्दा १८ वर्षमुनिका बालिकामाथि बलात्कारका कारण दर्ता भएका जिल्ला प्रहरी कार्यालयका प्रवक्ता प्रहरी नायब उपरीक्षक खड्कबहादुर खत्रीले जानकारी दिनुभयो । "अपराधमा परिवार नातेदारका व्यक्ति नै संलग्न हुनु गम्भीर विषय हो, यस्तो आपराधिक मनोवृत्तिलाई निरुत्सहित गर्न परिवार र समुदाय सचेत हुनुपर्छ", प्रवक्ता खत्रीले भन्नुभयो ।बलात्कारका घटनाले गर्दा बालिका र किशोरी विद्यालयमा समेत असुरक्षित महसुस गर्छन् । बलात्कारका घटनाले अभिभावक र विद्यार्थीमा नकारात्मक छाप परेको छ । "केही कारणले विद्यालयमा ढिलाइ भयो भने अभिभावकहरू आत्तिएर विद्यालयमै आइपुग्नुहुन्छ", लुम्बिनी सांस्कृतिक नगरपालिकाको अमारी प्राथमिक विद्यालयका शिक्षक लक्ष्मी मिश्रा भन्नुहुन्छ । बलात्कारका घटनाका कारण विश्वासको कमी हुँदा विद्यालय र समाजमा आपसी मित्रता, भाइचारको सम्बन्ध हराउँदै गएको उहाँको भनाइ छ ।

अधिवक्ता इन्दिरा आचार्यले घटनाका प्रकृति हेर्दा समाजमा छोरीहरू असुरक्षित छन् भन्ने देखिएको बताउनुभयो । "आर्थिक रूपमा कमजोर मानिसमाथि यस्ता घटना बढी भएका छन्", आचार्य भन्नुहन्छ, "आपराधिक मनोवृत्तिका मानिस समाजमा भएकाले अभिभावक बढी सचेत हुनुपर्छ ।" समाजमा हुने कतिपय घटना बाहिर आउँदैनन् । अर्थिक रूपमा सक्षमहरूले घटना भित्रभित्रै लुकाउने र मिल्ने गरेको पाइन्छ । "हाम्रो क्षेत्रमा पनि हिंसा र बलात्कारका घटना भएको सुनिन्छ तर सामाजिक प्रतिष्ठाका कारण भित्रभित्रै मिलाउँदा प्रहरीको पुग्न पाउँदैन", आचार्य भन्नुहुन्छ । कतिपय पीडक सम्पन्न वर्गबाट पनि हुने गरेको र त्यस्ता व्यक्तिबाट भएका घटना आर्थिक प्रलोभन र राजनीतिक पहुँचका कारण बाहिर आउन नसकेको उहाँको भनाइ छ । बुबा, दाजु र छिमेकीबाट समेत छोरीहरू असुरक्षित भएपछि विश्वास कसलाई गर्ने ? आचार्य प्रश्न गर्नुहुन्छ । (रासस)

# मन्त्रालयले वाणगंगालाई मात्र प्राथमिकता दियो: तौलिहवा वासी

तौलिहवा ५ फागुण

प्रदेश ५ सरकारले आन्तरिक पर्यटन प्रवर्द्धनकालागि कपिलवस्तुमा मन्दिर बनाउन झन्डै सवा करोड रुपैयाँ विनियोजन गरेको छ । जिल्लाका ४ ठाउँमा गरेर १ करोड २० लाख रुपैयाँ निकासा गरेको हो । पर्यटन मन्त्रालयले डिभिजन वन कार्यालय मार्फत बजेट पठाएको छ। कपिलवस्तुको स्आवश्यकतालाई ख्याल गरिएको छैन , पहुँच र प्रभावका भरमा बजेट पठाएको छ स्थानीयले बताएका छन् । मन्त्रालयले वडा र स्थान तोकेर पठाएको छ ।महत्पूर्ण पर्यटकीय स्थल ओझेलमै छन । वाणगंगा नगरपालिकामा दुई मन्दिर परेका छन । वाणगंगा-८, लौगाईस्थित गणेश मन्दिरको पूर्वाधार विकास र सुन्दरताका लागि ५० लाख रुपैयाँ दिइएको छ । त्यहाँ हरित बगैंचा बनाउने भनेर काम भइरहेको छ । उपभोक्ता समितिले सम्झौता गरेर काम सुरु गरिसकेको छ ।

वाणगंगा-१, कैलाश आश्रमधामको पूर्वाधार विकास र सौन्दर्यकरण गर्न ५० लाख रुपैयाँ निकासा गरिएको छ । त्यहाँ पर्खाल निर्माण हुँदैछ । वाणगंगा-८ मा गत वर्ष बन्डीहुलीको मालिका भवानी मन्दिर र दुर्गा मन्दिर क्षेत्रमा पार्क निर्माण र सौन्दर्यकरणका लागि ४० लाख रुपैयाँ खर्च गरिएको थियो । तौलिहवास्थित तौलेश्वरनाथ महादेव मन्दिर संरक्षणका लागि १० लाख रुपैयाँ विनियोजन भएको छ। मायादेवी गाउँपालिका-८, समयमाई मन्दिरलाई १० लाख रुपैयाँ विनियोजन गरिएको छ। त्यहाँ जग्गा नपाएकाले काम भएको छैन ।जिल्लामा तौलेश्वरनाथ बाहेक अन्य मन्दिर ठूला पर्यटकीय क्षेत्र होइनन । स्थानीयले पूजाआजा गर्छन । बाहिरबाट कोह आउँदैनन । मन्त्रालयले वाणगंगालाई मात्र प्राथमिकता दिएको छ । चालु आवमा एक करोड रुपैयाँ विनियोजन गरेको छ । गत वर्ष १ करोड १० लाख रुपैयाँ वाणगंगाका लागि छुट्याइएको थियो । वाणगंगाभन्दा अन्य स्थानीय तहमा धेरै पर्यटकीय सम्भावना बोकेका प्रशस्त ठाउँ छन ।स्थानीय कैलाश अग्रहरिका अनुसार दक्षिणमा रहेका बुद्धस्थल बेवारिसे छन । दयनीय र उपेक्षित भए पनि तिनको संरक्षण हुन सकेको छैन । कनकमुनि र क्रकुछन्द बुद्ध जन्मेको स्थल निग्लिहवा र गोटिहवाको बिजोग छ। प्रदेश सरकारले उपेक्षा गरेको गोटिहवाका प्रदीप चौधरीले बताउनुभयो ।


## बाणगंगा नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
### बाणगंगा, कपिलवस्तु
५ नं.प्रदेश, नेपाल

### बोलपत्र स्वीकृत गर्ने सम्बन्धी आशयको सूचना

सूचना प्रकाशित मिति : २०७६/११/०६

बाणगंगा नगरपालिकाबाट सूचना प्रकाशित गरिए बमोजिम पर्न आएका बोलपत्रहरु मध्ये सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतिका लागि सिफारिस हुन आएकाले सार्वजनिक खरिद ऐन,२०६३ को प्रयोजनार्थ उक्त बोलपत्रसँग सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| सि.नं. | ठेक्का नं. | कामको विवरण | छनौट भएको बोलपत्र दाता | कबोल अंक रकम रु.मु.अ.कर सहित | कैफियत |
|---|---|---|---|---|---|
| 1 | 12/76-77 | Excavation and Extraction of Natural river bed materials Sand, Gravel and Boulder (Banganga Khola) | N.B. Construction | 1,86,45,000.00 | |

प्रमुख प्रशासकीय अधिकृत

Krishnangar Municipality
**Office of The Municipality Executive**
## Krishnanagar Kapilvastu
**5 no. Province, Nepal**
**Invitation for Bids for the National Competitive Bidding**

Date of publication: **2076-11-06 (Feb 18, 2020)**

1. The **Krishnanagar Municipality** Office Of The Municipality Executive has allocated funds to cover eligible payment under the Contract for contracts named below.

| S.No. | Contract Identification No | Name Of Work, Address | Bid Security Amount (Nrs.) | Fee for Bid Document |
|---|---|---|---|---|
| 1 | KNM/NCB/RD-03/076-77 | Jumila Dekhi Sukhrampur Jane Sadak Staronnati,Krishnanagar-09 | 1,10,000.00 | 3,000.00 |
| 2 | KNM/NCB/RD-04/076-77 | Hulaki Dekhi Aurhawa Hudai Khaira Samm Staronnativ,Krishnanagar-10 | 1,10,000.00 | 3,000.00 |
| 3 | KNM/NCB/RD-05/076-77 | Bahadurgunj Shiwalay Pokhari Sundari Karan Krishnanagar-08 | 1,10,000.00 | 3,000.00 |
| 4 | KNM/NCB/RD-06/076-77 | Jhandenagar Pokhari Sundari Karan,Krishnanagar-3 | 1,10,000.00 | 3,000.00 |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at **Krishnanagar Municipality office Kapilvastu, Krishnanagar,Nepal**
3. A Complete set of Bidding Document may be purchased from the Krishnanagar Municipality **office Kapilvastu, Krishnanagar,Nepal** by eligible Bidders on the Submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee of NRs. 3000.0 NRs. till 18-03-2020 (2076-12-05)15:00 hours. Bidders should deposit the cost of bidding document in the Office Rajaswa (revenue) account as specified below:-
   Information to deposit the cost of bidding document in Bank:
   Name of the Bank: Nepal Limited Bank Krishnanagar,Kapilvastu
   Name of the Office: Krishnanagar Municipality, Office of Municipal Executive, Kapilvastu
   Office Code no: 801054902 (Dharauti and Rajaswa); Office Account no: 01403000000003000008
4. Bids must be submitted to the Krishnanagar Municipality, Office of Municipal Executive, Kapilvastu by hand/courier before 19-03-2020 (2076-12-06) 12:00 hours. Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 19-03-2020 (2076-12-06) 14:00 hours at the Krishnanagar Municipality, Office of Municipal Executive, Kapilvastu, Nepal.
6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission
7. Any amendment in the tender notice or Bidding Document will be posted in the notice board at Krishnanagar Municipality Office
8. Matters not covered in this notice shall be in accordance with prevailing rules and regulations of Nepal
9. The employer reserves the right to accept or reject wholly or partly ant or all the bids without assigning reason whatsoever.

**Chief Executive Officer**

# लुम्बिनीमा अन्तर्राष्ट्रिय बौद्ध सम्मेलनको तयारी

बुटवल, ५ फागुन

सरकारले तेस्रो अन्तर्राष्ट्रिय बौद्ध सम्मेलनको तयारी सुरु गरेको छ । आगामी बैशाख १९ देखि २५ गतेसम्म भगवान गौतम बुद्धको जन्मस्थल लुम्बिनीमा आयोजना हुन लागेको सम्मेलनका लागि विभिन्न उपसमितिहरु गठन गरी तयारीको सुरुवात गरेको हो ।

सोमवार संस्कृति पर्यटन तथा नागरिक उडड्यन मन्त्रालयमा बसेको २५ सय ६४ औं बुद्ध जयन्ती तथा तेश्रो अन्तर्राष्ट्रिय बौद्ध सम्मेलन २०७७ आयोजक समितिको बैठकले विभिन्न उपसमिति गठन गरेको हो । बैठकमा संस्कृति पर्यटन तथा नागरिक उडड्यन मन्त्री तथा समितिका अध्यक्ष योगेश भट्टराईले अन्तर्राष्ट्रिय सम्मेलन व्यवस्थापन उप-समिति, आर्थिक व्यवस्थापन उप-समिति, वृक्षरोपण तथा सरसफाई उपसमिति, अनुष्ठान कार्यका लागि उपसमिति, प्रदेश समन्वय उपसमिति लगायतका विभिन्न १७ वटा उपसमितिहरु गठन गरिएको बताउनु भयो ।

उहाँले बैशाख १९ देखि २५ गतेसम्म सप्ताहव्यापि कार्यक्रमहरु सञ्चालन गरिने र २३ गते तेस्रो अन्तर्राष्ट्रिय बौद्ध सम्मेलनको उदघाटन हुने जानकारी दिनुभयो । सम्मेलनमा स्थानीय नगरपालिकाहरुको नेतृत्वमा विभिन्न थेमेटिक सेसन सञ्चालन हुने र अन्तिम दिन २५ गते लुम्बिनी क्षेत्रमा विश्वशान्ति ऱ्याली आयोजना गरिने मन्त्री भट्टराईले बताउनु भयो।सम्मेलनमा करिब २५ देशका ३२ राज्यका प्रतिनिधिहरुलाई निमन्त्रणा पठाउन लागिएको मन्त्री भट्टराईले जानकारी दिनुभयो । यसबाहेक विश्वभरका बौद्धधर्मसँग सम्बन्धित संघसंस्था तथा प्रतिष्ठानहरु, बौद्ध विद्धान धर्मगुरु तथा ब्यक्तिहरुले पनि सम्मेलनमा सहभागिता जनाउने छन् ।

त्यस्तै खर्च र व्यवस्थापनका लागि कार्य सम्पादन तथा आर्थिक कार्यविधि २०७६ निर्माण भइसकेको समेत बताइएको छ । सम्मेलनका लागि सरकार, लुम्बिनी विकास कोष, नेपाल पर्यटन वोर्ड, भ्रमण वर्ष सचिवालय र व्यक्तिगत तथा संस्थागत तवरबाट बजेटको व्यवस्थापन हुने सेमत मन्त्री भट्टराईले बताउनु भयो ।

# चन्द्रौटामा २० अर्बका नयाँ उद्योग

कपिलवस्तु ५ फागुन

बृहत शान्ती सम्झौता, संविधान निर्माणका साथै देशमा स्थीर सरकार बनेपछि कपिलवस्तुको चन्द्रौटा र कृष्णनगर आसपासमा झन्डै २० अरवको लगानीमा बन्द उद्योग सन्चालनका साथै नयाँ उद्योग खुल्ने क्रम बढेको छ । जस अनुसार चन्द्रौटा कृष्णनगर क्षेत्रमा चहलपहल मात्र बढेको छैन पाँच हजारको हाराहारीमा मानिसले रोजगारी समेत पाएका छन् । पछिल्लो समय नेपालमै पहिलो पटक स्वीस प्रविधिबाट समृद्धि फुडपोडक्स प्राली, विजया श्री स्टील उद्योग, गणपति, बुद्ध, अटल सिमेन्ट लगायत दर्जन बढि नयाँ उद्योग खुलेका छन्। स्वदेशका उद्योगीव्यवसायीले उत्पादन गरेका बस्तुको सहज विक्रि वितरणका साथै करको दायरा अनुसार संरक्षण गर्नुपर्ने उनीहरुको भनाइ छ। बृहत शान्ती सम्झौता पछिपनि तराइका कतिपय जिल्लामा उद्योगीव्यवसायीले ढुक्कसँग लगानी लगाउने बातावरण नभएकाले थप लगानी गर्न सरकारले भरपर्दो सुरक्षा दिनुपर्ने बताएका छन् । विगतमा इन्धन अभाव, बन्दहड्तालबाट आजित बनेका यहाका व्यवसायीले लोडसेडिंगको अन्त्यसंगै चन्द्रौटा कृष्णनगर क्षेत्रलाइ औद्योगीक करिडोरका रुपमा विकास गर्नुपर्ने माग समेत गरेका छन् ।

# युना डान्सीङ्ग स्टार, प्रिन्स प्रिन्सेसको उपाधी

**बिकास थापा**

कपिलवस्तु ५ फागुन

'डेकोर कपिलवस्तु डान्सिङ स्टार' को पहिलो सिजनवाट प्रदेश ५ स्तरीय डान्सिङ स्टारको उपाधि कपिलवस्तु वाणगंगाकी युना कार्कीले हासिल गरेकी छिन् । तीन महिना देखि चलेको कार्यक्रममा चन्द्रौटामा भएको फाइनलवाट उपाधि जितेसंगै कार्कीले नगद १ लाख ११ हजारसहित आकर्षक विभिन्न गिफ्ट प्राप्त गरेकछन् । डान्सिङ स्टारमा बुटवलकी सोम्या पाण्डे दोस्रो भइन् । पाण्डेले नगद ५५ हजार सहित आकर्षक गिफ्ट पाइन भने तेस्रो भएका चन्द्रौटाका मिसन घर्ती मगरले नगद ३० हजार पाएका छन् । छमछमी कला केन्द्रको आयोजनामा प्रदेश स्तरीय डान्सिङ स्टार सञ्चालन भएको थियो । २ सय ७७ प्रतिस्पर्धीका बीचबाट उपाधि प्राप्त गरेकी कार्कीले आफुलाई साथदिने सबैलाइ धन्यवाद दिइन् ।

प्रदेशस्तरकै उपाधि जितेपछि युनाकी आमा शान्ति क्षेत्रीले छोरीलाई साथ, सहयोग र समर्थन गर्ने सबैप्रति हार्दिक कतज्ञता प्रकट गरिन ।यता कपिलवस्तु जिल्लामा पहिलो पटक आयोजना गरिएको रियो लिटिल प्रिन्स एण्ड प्रिन्सेसको उपाधि क्यारल हमाल र अनुजा केसीले जित्नुभएको छ। केही दिन अघि सम्पन्न भएको प्रतियोगितामा प्रिन्सबाट दर्शन चोक चारनम्बरका १२ बर्षिय हमाल , प्रिन्सेसबाट पनि चारनम्बरकै १३ बर्षिया केशीले उपाधि जित्नुभएको हो । उपाधि जितेसगै होराईजन अंग्रेजी माध्यामिक बिद्यालयमा अध्ययनरत दुबै जनालाई बिद्यालयले १ बर्षको स्कोलरसिपको घोषणा गरेको छ। यस्तै उत्कृष्ट २ जनाले ३ महिने बेसिक कम्प्युटर कोर्ष र नगर ५/५ हजार



सहित आकर्षण गिफ्टहरु पाउनुभएको छ । ए एण्ड ए ईभेन्टस कपिलवस्तुले आयोजना गरेको प्रतियोगितामा रियोले प्रायोजकको भूमिका खेलेको थियो। यस्तै प्रतियोगितमा प्रथम प्रिन्सबाट शुद्धोधन गाउपालिका प्रगतिनगरका आदित्य गुप्ता र प्रिन्सेसबाट बाणगंगा बैरियाकी स्विकृती पौडेल र द्धितीय प्रिन्सबाट बोडगाउका बिराज सिंह र प्रिन्सेसबाट शुद्धोधन गाउपालिका प्रगतिनगरकी ईशा गुप्ताले उपाधी पाउनु भएको छ। यसैगरि जनताले अत्याधिक रुचाएको भन्दै अनुजा केशी र क्रिश भूषाल र आयोजकको रोजाईबाट क्रियनशन भण्डारी र सुनैना भटराईलाई पुरस्कृत गरिएको आयोजनक ए एण्ड ए ईभेन्टस कपिलवस्तुका सिईओ अनमोल केशीले बताउनुभयो । बालबालिकाको बौद्धिक बिकास र क्षमता अभिबृद्धिका लागि यस्तो खालको कार्यक्रम आयोजना गरिएको उहाको भनाई छ । प्रतियोगिता हुनुपूर्ब गरिएको अडिसनमा जिल्लाबाट २५ जनाको सहभागिता रहेको थियो । अडिसनको क्रममा १२ जनामात्र छनौटमा परेका थिए। ति सबै १२ जनालाई १५ दिनसम्म अफिसिशयल कोरिग्राफर अशिम भट्राईले बिभिन्न बिद्यामा तालिम दिनुका साथै अभिमूखिकरण गदै आउनुभएको थियो ।

# प्रदेश ५ सरकारविरुद्ध अवहेलना मुद्दा

बुटवल ५ फागुन

लुम्बिनी प्रादेशिक अस्पतालका सटरमा डोजर चलाएर भत्काएको विषयमा व्यवसायीहरु फेरि सर्वोच्च अलदालत पुगेका छन् ।

दुवै पक्षलाई सर्वोच्च अदालतले छलफलका लागि बोलाउने आदेशगरिसकेकोअवस्थामात्यसलाई बेवास्ता गर्दै डोजर चलाएको भन्दै सरकारी पक्षविरुद्ध व्यवसायीले अदालतको अपहेलना मुद्दा दर्ता गरेका हुन् ।१७ जना व्यवसायीले प्रदेश सरकारको सामाजिक विकास मन्त्रालय, जिल्ला प्रहरी कार्यालय रुपन्देही, जिल्ला प्रशासन कार्यालय रुपन्देही, इलाका प्रहरी कार्यालय बुटवल, लुम्बिनी प्रादेशिक अस्पतालका अध्यक्ष सूर्यबहादुर भट्टराई र अस्पतालका मेडिकल सुपरिटेण्डेन्ट डा.राजेन्द्र खनाललाई विपक्षी बनाइ मुद्दा दर्ता गरेका वरिष्ठ अधिवक्ता शेरबहादुर केसीले जानकारी दिनुभयो ।उक्त मुद्दामा वहसका लागि सर्वोच्चले सोमबार पेशीको मिति तोक्ने केसीले बताउनुभएको छ। पाँच वर्षका लागि सटर भाडामा लिएका व्यवसायीलाई प्रदेश सरकारले तीन महिनापछि सटर खाली गर्न भनेपछि व्यवसायीहरु अदालत पुगेका थिए।

# लिजमा जग्गा लिएर हाटबजार

कपिलवस्तु, ५ फागुन

कपिलवस्तु जिल्लाका सबैभन्दा पुरानो हाट बजार गजेहडा हाटबजार अब ब्यवस्थित बन्ने भएको छ । बजारको मुख्य सडक देखी बजारबासीको घर आगनमा साताको बिहिबार लाग्दै आएको बजारलाई ब्यवस्थित बनाउने कार्य शुरु भएको छ । गजेहडा बजारको रुपमा परिचित बिहिबार लाग्ने हाट बजार ब्यवस्थित बन्ने भएपछि स्थानिय खुसी भएका छ । सडक छेउछाउ मै लाग्दै आएको हाटबजारले स्थानीयलाई आवतजावत गर्न समस्या हुनुका साथै बजारको दिन सवारी चलाउन समेत चालकलाई समस्या हुँदै आएको छ । अब बजारलाई ब्यवस्थित रुपमा सञ्चालन गर्न बुद्ध आवाज रेडियो र टेलिभिजन रहेको भवन अधिको जग्गा लिजमा ल्याइ ब्यवस्थित बनाउने काम शुरु भएको छ । स्थानियको मागलाई मध्यनजर गदै बजारलाई व्यवस्थित बनाउन लागिएको नागरिक समाजका अध्यक्ष दोलखबहादुर पछाइको भनाई छ।

अध्यक्ष पछाई , नागरीक समाजका पूर्व अध्यक्ष द्रोणराज सुवेदी ,तुलसी पौडेल लगायतले करिब १५ कटटा बजारका भाडामा दिनुभएको छ । बाटोमा बजार लाग्दा सवारी दुर्घटनाका साथै फोहोर ब्यवसनमा समस्या पर्दै आएको थियो । बजारका लागि नागरिक समाज कपिलवस्तु पूर्ब अध्यक्ष द्रोण राज सुवेदी पनि ५ कठ्ठा जग्गा भाडामा उपलब्ध गराउनुभएको छ । ५ वर्षका लागि कठाको ६ हजारका दरले तीनजनाको जग्गा भाडामा लिएको गजेहडा बजार विकास समितिका अध्यक्ष गोबिन्द प्रसाद ज्ञवालीको भनाई छ ।बाटोमा लाग्दै आएको बजार व्यवस्थित बन्न लाग्दा स्थानिय घनश्याम पौडेलले खुसि व्यक्त गर्नु भयो । अहिले जग्गालाई व्यवस्थित बनाउन माटो सम्माउने र हाटवजारका टहरा वनाउने काम शुरु भएको छ।


## Admission Open in M.Sc.(CM)

Pokhara University Facuty of Science and Technology announces admission in the M.SC. (CM) for the year 2020 (March Intake)

**Last Date of Application Submission:** 2076-11-01

**Online Form Submission:** https:/pu.edu.np/

fstentrance 2020 master

**Exam Date:** 2076-11-05 at 7:00AM to 10:00 AMM

**Exam Centre:** Lumbini Engineering, Management & Science College, Bhalwari, Rupandehi

**Eligibility:** BE Civil, Electrical, Mechanical, Geotechnical, Hydro poOwer and Architecture with minimum CGPA 2.0 or 45 percent(%) from universities recognized by Pokhara University.

*For Further information:*

**Lumbini Engineering, Management& Science College (Pokhara University)**

**Tilottama-7, Rupandehi, Nepal Phone: 071-561030, 071-561959**



**घर भाडामा दिँदा भाडामा लिने व्यक्ति/संस्थाको परिचय खुल्ने अद्यावधिक विवरणसहितको कागजात लिई भाडामा बसेको र छोडेको विवरण र जानकारी नजिकको स्थानीय प्रहरी इकाइमा अनिवार्य दिने गरौं ।**

नेपाल सरकार

सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

सूचना तथा प्रसारण विभाग



## जनहितका लागि जारी सन्देश

- सडक सिमा अतिक्रमण नगरौं ।
- जथाभावी बाटो नकाटौं । दुर्घटना हुनबाट बचौं र बचाऔं

पैदलयात्रीले बाटो काट्दा जेब्रा क्रसिङको प्रयोग गरौं ।

अनुरोधक :-

**डिभिजन सडक कार्यालय**

**वुटवल -रूपन्देही**











**कमन नेपाल प्रा. लि.**द्वारा प्रकाशित **राष्ट्रिय दैनिक बुद्ध दर्पण**का लागि प्रबन्ध निर्देशक : **लक्ष्मण बेल्बासे**, अतिथि सम्पादक : **नारायणप्रसाद पौडेल**, प्रधान सम्पादक: **बसन्त गिरी**,
सम्पादक : **पार्वती पाण्डे**, प्रबन्ध-सम्पादक : **डिलाराम भुसाल**, बजार व्यवस्थापक : **रामु पौडेल**, कम्प्युटर सेटिङ्ग : **शैलेन्द्र कुमार चौधरी**
**प्रधान कार्यालय** : बाणगंगा नगरपालिका-४, कपिलवस्तु, **फोन नं.** ०७६-५५०२६०, **फ्याक्स**: ०७६-५५०२६०, प्रकाशन कार्यालय बुटवल उ.म.न.पा.-८ रुपन्देही , प्रदेश नं. ५ , **ईमेल**: buddhadarpan@gmail.com **मुद्रण**: कलर अफसेट प्रेस, बुटवल, रुपन्देही